आज मिति २०८१ साल भाद्र महिनाको २३ गते आइतवारका दिन दिउँसो ठिक १:०० बजे यस छार्का ताङसोङ गाउँपालिकाको कार्यालय कागकोटमा गाउँपालिका अध्यक्ष श्री सेनाङ गुरुङ ज्यू को अध्यक्षतामा तपसीलका उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका निर्णय गरियो ।

उपस्थितिः

अध्यक्ष श्री सेनाङ गुरुङ

उपाध्यक्ष श्री कर्म ढुण्डुप गुरुङ

वडाअध्यक्ष श्री धावा लामा गुरुङ

वडाअध्यक्ष श्री टसी छोम्बेल गुरुङ

वडाअध्यक्ष श्री वाङजु गुरुङ

वडाअध्यक्ष श्री खाम्सुङ रोकाया

वडाअध्यक्ष श्री सोनाम साङवो गुरुङ

वडाअध्यक्ष श्री कार्मा तेन्जिन गुरुङ

महिला सदस्य श्री नेजिङ खाँडु गुरुङ

महिला सदस्य श्री छोईटोल गुरुङ

महिला सदस्य श्री धावा साङमु गुरुङ

महिला सदस्य श्री कान्छी ~~गुरुङ~~ बुढा

अल्पसंख्यक सदस्य श्री युरुङ घर्ती

अल्पसंख्यक सदस्य श्री ठोक्याल गुरुङ भोटे

सचिव श्री अमरराज सेजुवाल

अन्य उपस्थितिः

अधिकृत छैटौं श्री मणिराज पौडेल

कार्यालय सहयोगी श्री हरिशर्मा धराला

निर्णय नं. (१) कर्णाली प्रदेश, डोल्पा जिल्ला, मुड्केचुला गाउँपालिका वडा नं. ९ स्थित कार्यालय रहेको श्री मष्टा भवानी निर्माण सेवाको अख्तियार प्राप्त व्यक्ति ऐ. का सञ्चालक कर्ण बहादुर बुढाले सम्मानित श्री सर्वोच्च अदालतमा दायर गर्नु भएको उत्प्रेषणयुक्त परमादेश (मुद्दा नं. ०८१-WO-०२३४ र मुद्दा नं. ०८१-WO-०२३५) मुद्दामा सम्मानित श्री सर्वोच्च अदालतबाट छार्का ताङसोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कागकोट, डोल्पाको नाममा जारी भएको १५ दिने म्याद र रिट निवेदनको नक्कल समेत मिति २०८१।०५।२३ गते बुझि तामेल भएको मितिले तोकिएको म्याद भित्र रिट निवेदन खारेज हुने व्यहोराको लिखित जवाफ सम्मानित श्री सर्वोच्च अदालतमा पेश गर्न र मिति २०८१।०५।३० गते हुने अन्तरिम आदेश छलफल पेशीमा सम्मानित श्री सर्वोच्च अदालतमा उपस्थित भई माथि उल्लेखित २ वटा मुद्दामा छार्का ताङसोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कागकोट, डोल्पाको तर्फबाट उचित प्रतिरक्षा समेत गर्न गराउन गोबिन्द बन्धु पंगेनीकी छोरी जिल्ला स्याङ्जा गल्याङ नगरपालिका वडा नं. १० घर भई हाल जिल्ला काठमाण्डौं बुढानिलकण्ठ नगरपालिका वडा नं. ९ बस्ने वर्ष २४ की संरचना शर्मा (ना. प्र. नं. ४२-०२-७५-००१६२ जारी मिति २०७५।०१।१० स्याङ्जा) लाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. (२) श्री मष्टा भवानी निर्माण सेवा सँगको सम्मानित श्री सर्वोच्च अदालतमा बिचाराधीन मुद्दा नं. ०८१-WO-०२३४ र मुद्दा नं. ०८१-WO-०२३५ को उत्प्रेषणयुक्त परमादेश मुद्दामा छार्का ताङसोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कागकोट, डोल्पाको तर्फबाट लिखित जवाफको मस्यौदा गरि उचित प्रतिरक्षा गर्नेगरी प्र. प. सं. ३४८७ को अधिवक्ता श्री कृष्ण प्रसाद सुबेदीलाई कानून व्यवसायी मुकरर गर्ने निर्णय गरियो।

निर्णय नं. (३) यस छार्का ताङसोङ गाउँपालिका १ नं. वडा कार्यालय, छार्का को मिति २०८१।०३।१३ च. नं. २१३ को पत्र अनुसार यसै गाउँपालिका वडा नं. १, छार्का बस्ने वाला गुरुङको नाति, दावा छिरिङ गुरुङको छोरा, पेमा छोप्तेन गुरुङको घरको आर्थिक अवस्था कमजोर भएको कारणले निजको शैक्षिक पठन पाठनको लागि रु. ४५०००।०० (अक्षरुपी पैंतालिस हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

निर्णय नं. (४) यस गाउँपालिका वडा नं ६ स्थित सेदिङ गुम्बा भत्किएर जीर्ण भएकोले सो गुम्बा मर्मत संभारको लागि स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) मा बिनियोजित रकम मध्येबाट रु १०,००,०००।०० रकमान्तर गर्ने निर्णय गरियो।

निर्णय नं. (५) यस गाउँपालिका वडा नं ४ मा रहेको कागकोट गुम्बामा भएको धार्मिक कार्यक्रमको लागि आन्तरिक राजश्व खातामा भएको रकम मध्येबाट रु ४०००००।०० बिनियोजन गर्ने र विपद उद्दार कार्यक्रममा विनियोजन भएको रकम मध्येबाट लामालाई हेलि मार्फत ल्याईएको भाडा भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. (६) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौंको पत्र संख्या ०८१।०८२, चलानी नं. ६८ र मिति २०८१।०५।२० को पत्र अनुसार जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र सिजाङ (तिब्बत) को सहयोगमा कार्यान्वयन हुने Projects Aid to Nepal अन्तर्गत देहाय अनुसारका आयोजनाहरु प्रस्ताव गर्ने निर्णय गरियो।

(क) पूर्वाधार विकास सम्बन्धी आयोजना

१. ढाँडगाउँ प्रसुति केन्द्र (Birthing Center) निर्माण
२. कागकोट वस्ति तटबन्धन निर्माण
३. पिम्री खानेपानी आयोजना निर्माण

(ख) क्षमता विकास सम्बन्धी

१. कर्मचारी जनप्रतिनिधी अवलोकन भ्रमण

(ग) वस्तुगत सहायता

(अ) स्वास्थ्य उपकरण

१. Emmergency Bed - ५ थान
२. Baby Warmer - २ थान
३. Room Warmer - २ थान
४. Delivery Bed - २ थान
५. Oxygen cylinder - २ थान
६. Microscope - १ थान
७. Refrigerator - १ थान
८. Centrifuse - १ थान
९. Colorimeter - १ थान
१०. Hot Air Oven - १ थान
११. DC Counter - १ थान
१२. ESR Stand - १ थान
१३. Portable Ultrasonography – २ थान

(आ) विपद व्यवस्थापनका सामग्रीहरु

१. Rubber Boot - २० जोडी
२. Head light - १२ पिस
३. Life Jacket – २० पिस
४. Snow Goggles – ५० पिस
५. Repair Kit – २ थान
६. Rope (roll 300m) – २ थान
७. First Aid Kit - १२ थान
८. Fire Start Kit – ६ पिस
९. Extra Gloves – १२ जोडी
१०. Extra Socks – १२ जोडी
११. Rope Rescue Gear – १ थान
१२. Ascension, Decent & Back up Item – १ थान
१३. Stretchere- ६ थान

निर्णय नं. (७) यस छार्का ताङसोङ गाउँपालिकाको क्षमता अभिवृद्दि गर्न, विकासमा साझेदारी गर्न र अन्य सहयोग प्राप्त गर्नको लागि नेपालका अन्य स्थानीय तहहरुसँग पारस्परिक हितको लागि भगिनी सम्बन्ध स्थापना गर्ने निर्णय गरियो ।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत
२०८१/०५/१३